मासाचुसेट्स अस्थायी कामदारहरूको अधिकार अन्तर्गत तपाइँको कानुन जान्ने अधिकारहरू

स्टाफिङ एजेन्सीहरूले तपाइँको जागिर बारे तपाइँलाई आधारभूत जानकारी उपलब्ध गराउनु पर्दछ ।

तपाइँलाई पठाउने कुनै पनि जागिरका बारेमा लिखित सूचना प्रदान गर्नु स्टाफिङ एजेन्सीहरूको आवश्यकता हो । स्टाफिङ एजेन्सीलाई आफूलाई कसरी **जागिर निर्देशन** दिने हो भन्ने अधिकार तपाइँलाई रहेको छ, जस्तै इमेलबाट, हुलाकबाट, वा तपाइँले व्यक्तिगत रूपमा आफैँ लिने हो । स्टाफिङ एजेन्सीहरूले तपाइँलाई कम्तिमा यो जानकारी **दिनै** पर्दछ :

- निम्नको नाम, ठेगाना र टेलिफोन नम्बर : (१) स्टाफिङ एजेन्सी; (ख) कामदार क्षतिपूर्ति बाहक; (ग) कार्यस्थल रोजगारदाता; र (घ) विभाग (डिएलएस) ;
- एउटा कार्यविवरण र सो पदलाई कुनै विशिष्ट पोसाक, उपकरण, तालिम वा लाइसेन्सहरू आवश्यक हुन्छ कि हुँदैन ;
- तलब दिने दिन, प्रतिघण्टा तलब दर, ओभर टाइम (अतिरिक्त समय) छ कि छैन ;
- सुरु मिति, दैनिक सुरु समय, र अनुमानित अन्त्य समय, र यदि थाहा भए, रोजगारको अपेक्षित समयावधि ;
- स्टाफिङ एजेन्सी वा कार्य स्थल रोजगारदाताले कुनै यातायात वा खाना प्रदान गर्ने छ कि छैन ;
- कर्मचारी वा कामदारलाई लाग्ने अन्य कुनै चार्जहरू (शुल्कहरू) ;
- कार्यस्थल को स्थिति हडताल वा तालाबन्दीमा छ कि छैन ; र
- काम, रोजगार, संलग्नता, कार्य असाइनमेन्ट वा जागिरका विषयमा महत्वपूर्ण जानकारी भएको जागिर आदेशको बहुभाषिक बक्तव्य ।

स्टाफिङ एजेन्सीले तपाइँलाई टेलिफोनबाट जानकारी दिन सक्छ, तर सोले पहिलो तलब भुक्तानी अवधि समाप्त हुनुभन्दा **पहिले** नै तपाइँलाई लिखित जानकारी **पठाउनु पर्दछ** ।

यदि तपाइँको जागिर असाइनमेन्ट परिवर्तन हुन्छ भने, स्टाफिङ एजेन्सीले सो परिवर्तन आफूलाई थाहा हुने बित्तिकै तपाइँलाई सूचीत **गर्नु पर्दछ** ।

यदि तपाइँलाई स्टाफिङ एजेन्सीले जागिरको निर्देशन प्रदान गर्दैन र तपाइँ स्टाफिङ एजेन्सी विरूद्ध गुनासो गर्न चाहनु हुन्छ भने, कृपया (६१७) ६२६-६९७० मा श्रम स्तर विभाग (डिर्पाटमेन्ट अफ लेबर स्ट्यायर्न्डस) लाई फोन गर्नुहोस् । तपाइँले गुनासो गर्दैमा स्टाफिङ एजेन्सीले तपाइँलाई निष्कासन गर्न वा निकृष्ठ काम लगाउन पाउँदैन ।

यदि तपाइँलाई प्रोफेसनल दरबन्दी वा सेक्रेटरी वा प्रशासनिक सहयोगीका रूपमा स्थापन गरिएको छ भने स्टाफिङ एजेन्सीले तपाइँलाई जागिर निर्देशन दिन जरूरी छैन ।

स्टाफिङ एजेन्सीहरू र कार्य साइट रोजगारदाताहरूले तपाइँलाई निम्न कुराका लागि शुल्क लगाउन पाउनेछैनन् :

- स्टाफिङ एजेन्सीमा रजिस्ट्रेसन गर्नका लागि;
- लागूपदार्थ परीक्षण, बैङ्क कार्डहरू, डेबिट कार्डहरू, भाउचरहरू वा धनादेश (मनि अर्डर) हरू ;
- स्टाफिङ एजेन्सीले तपाइँलाई ड्रग (लागुपर्दाथ) परीक्षण, बैङ्क कार्ड, डेबिट कार्ड, भउचर, वा धनादेश (मनि अर्डर) प्रदान गर्दा भुक्तानी गर्ने वास्तविक शुल्कभन्दा माथि कुनै शुल्क;
- मासाचुसेट्स अपराधी दोषी अभिलेख जानकारी (सिओआरआइ) परीक्षण सम्पादन गर्नका लागि;
- यातायातको सेवाहरु, यदि सेवाहरु आबश्यक भएमा; यदि यातायातको सेवाहरु स्वैच्छिक भए, शुल्क दैनिक ज्यालाहरुको ३ प्रतिशत भन्दा माथि हुनुहुदैन वा बास्तबिक खर्च, जुन कम हुन्छ त्यहि;
- त्यस्ता कुनै पनि आइटम वा सेवाहरू, यातायात सहित, जसले तपाइँलाई मासाचुसेट्स न्युनतम ज्याला (८ डलर प्रतिघण्टा) भन्दा कम आम्दानी गराउँछन्;
- स्टाफिङ एजेन्सी वा कार्य साइट रोजगारदाताहरूले तपाइँले किन्न नचाहेसम्म तपाइँलाई कुनै कुरो किन्न लगाउन सक्दैनन् ।
- कानुन जान्ने अस्थायी कामदारको अधिकार भन्दा भिन्न, मासाचुसेट्स ज्याला अधिनियमले साधारणतया कुनै पनि त्यस्तो सहमति निषेध गर्दछ जसमा रोजगारदाताको साधारण बिजिनेस खर्चहरू र व्ययहरूका लागि कामदार जिम्मेवार हुन्छ । नतिजास्वरूप, प्राथमिक रूपमा कामदारको लाभका लागि नभएसम्म ज्यालामा कटौती निषेध गरिएको छ (किनकि कर्मचारीका लागि त्यस्तो खर्च महत्वपूर्ण हुन्छ र उसले आफूले गरेको कामबाट स्वतन्त्र रहेर सो उपयोग गर्न सक्छ)

स्टाफिङ एजेन्सीहरूले तपाइँलाई हुँदै नभएको जागिरमा पठाए भने युक्तिसङ्गत यातायात खर्च फर्काउनु पर्दछ ।

यसमा कार्य साइटमा जागिरको अन्तर्वार्ताका लागि पठाएको यातायात खर्च सामेल छैन ।

स्टाफिङ एजेन्सीहरूले निम्न कुरा गर्न सक्तैनन् (पाउँदैनन्) :

- जानाजान तपाइँलाई गलत, कपटपूर्ण, वा भ्रामक जानकारी दिन;
- तपाइँले जान नचाहेको असाइनमेन्टमा जबरजस्ती जान लगाउन;
- तपाइँको सम्पत्ति राख्न र फर्काउन नमान्न;
- तपाइँबाट असुलेको गैरकानुनी शुल्क राख्न;
- तपाइँले यस कानुनको कार्यान्वयन गरेबापत तपाइँलाई जागिरबाट निष्कासन गर्न वा तपाइँलाई निकृष्ठ जागिर दिन;
- गैर कानुनी कार्य सम्पादन गर्ने जागिर असाइनमेन्टमा तपाइँलाई पठाउन;
- नाबालक स्कुल जानु पर्नेमा त्यस्ता नाबालकलाई जागिर असाइनमेन्टमा पठाउन;
- त्यस्तो जागिर असाइनमेन्टमा पठाउन जसका लागि विशेष लाइसेन्स आवश्यक हुन्छ र तपाइँसँग त्यस्तो लाइसेन्स उपलब्ध छैन;

कानुन जान्ने अस्थायी कामदारको अधिकार बारे अधिक जानकारीको लागि वा गुनासो दर्ता गर्नका लागि (६१७)६२६-६९७० मा श्रम स्तरको कार्यालयमा फोन गर्नुहोस् वा **www.mass.gov/dols/epsap** हेर्नुहोस् । यो कानुन श्रम स्तर विभाग (डिर्पाटमेन्ट अफ लेबर) (डिएलएस) द्वारा लागू गरिन्छ र एटर्नी जेनेरलको निष्पक्ष श्रम विभागको कार्यालय (अफिस अफ एटर्नी जेनेरल्स फेयर लेबर डिभिजन) द्वारा कार्यान्वयन गरिन्छ । यो कानुन "स्टाफिङ एजेन्सीहरू" (जस्तै अस्थायी एजेन्सीहरू) लाई कानुनले परिभाषित गरे अनुसार लागू हुन्छ ।

कार्य स्थल सूचना : यो कार्य स्थल सूचनाले मासाचुसेट्स जेनेरल कानुन अध्याय १४९, खण्ड १५९ सि का प्रावधानहरू पालना गर्छ, जस अन्तर्गत स्टाफिङ एजेन्सीहरूले यस सूचनालाई त्यस्ता ठाउँमा पोस्ट गर्नु पर्दछ, जहाँ जागिर आवेदकहरू र कामदारहरूले सजिलै हेर्न सकून् ।